apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



'वैकल्पिक व्यवस्था नगरी जबर्जस्ती उठिबास र निष्कासन अस्वीकार्य'
समाचार पृष्ठ ३

● वर्ष: १२ ● अंक: १४० ● पृष्ठ: ४ ● २४ जेठ २०८३ आइतबार (07 June 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## कमला पुलको निरक्षणमा संघीय मन्त्री
### स्थानीयले घेर्दै उठाए प्रश्न, समाजिक संजालमा तिव्र आलोचना

**अपन दैनिक संवाददाता**
सिरहा, जेठ २३ गते



हुलाकी राजमार्ग अन्तर्गत सिरहा-धनुषा जिल्लालाई जोड्ने बहुप्रतिक्षित कमला पुल निरीक्षण गर्न पुगेका भौतिक पूर्वाधार तथा यातायात मन्त्री सुनिल लम्सालको भ्रमणका क्रममा स्थानीयवासीले निर्माण ढिलाइप्रति व्यापक असन्तुष्टि जनाएका छन्।

१५ वर्षौंदेखि निर्माणाधीन रहेको पुल सञ्चालनमा आउन नसक्दा आवागमनमा समस्या भोगिरहेका स्थानीयले निर्माण कार्य शीघ्र सम्पन्न गर्न माग गरेका हुन्। शनिबार दलबल सहित मन्त्री लम्सालले कमला पुलको स्थलगत निरीक्षण गर्दै निर्माण कार्यलाई तीव्रता दिन तथा तोकिएको समयभित्र सम्पन्न गर्न निर्माण व्यवसायी पक्षलाई निर्देशन दिएका थिए। निरीक्षणका क्रममा पुलको प्राविधिक अवस्था, निर्माणको प्रगति तथा बाँकी कार्यबारे सम्बन्धित निकायसँग जानकारी लिइएको बताइएको छ।

निरीक्षण टोलीमा मन्त्री लम्सालसँगै सिरहा निर्वाचन क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य तथा पूर्व मन्त्री बब्लु गुप्ता, क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य शिवशंकर यादव, क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य डा. शम्भु यादव, सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख प्रहरी उपरीक्षक (एसपी) बासुदेव पाठक, हुलाकी राजमार्ग निर्देशनालयका प्रमुख, निर्माण व्यवसायी कम्पनीका प्रतिनिधि तथा अन्य सम्बन्धित अधिकारीहरूको उपस्थिति रहेको थियो।

निरीक्षणका क्रममा उपस्थित स्थानीयवासी तथा सञ्चारकर्मीहरूले पुल निर्माणको वास्तविक प्रगति, सम्पन्न हुने समयसीमा र ढिलाइको जिम्मेवारीबारे प्रश्न उठाएका थिए। स्थानीयका अनुसार उनीहरूले आफ्ना गुनासो मन्त्री लम्सालसंग राखे पनि त्यसबारे स्पष्ट जवाफ सार्वजनिक नभएको र निरीक्षणपछि मन्त्री कार्यक्रमस्थलबाट बाहिरिएको आरोप लगाइएको छ।

कमला पुल लामो समयदेखि अधुरो रहँदा सिरहा र धनुषाबीचको आवागमन प्रभावित हुँदै आएको छ। विशेषगरी वर्षायाममा स्थानीय बासिन्दा, विद्यार्थी, व्यवसायी तथा सर्वसाधारण जोखिमपूर्ण यात्रा गर्न बाध्य हुने गरेका छन्। पटक-पटक निर्माण सम्पन्न गर्ने प्रतिबद्धता

बाँकी पृष्ठ ४

## मधेश प्रदेश सरकारमाथि एक महिनामै ८१ प्रतिशत बजेट खर्चको दबाब

**अपन दैनिक संवाददाता**
सिरहा, जेठ २३ गते



चालु आर्थिक वर्ष २०८२/८३ सकिन झन्डै एक महिना मात्रै बाँकी रहँदा मधेश प्रदेश सरकारमाथि बाँकी रहेको ८१ प्रतिशत बजेट खर्च गर्ने ठूलो दबाब देखिएको छ। हालसम्म प्रदेश सरकारले कुल विनियोजित बजेटको १९.४ प्रतिशत मात्रै खर्च गर्न सकेको छ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको पछिल्लो वित्तीय विवरणअनुसार चालु आर्थिक वर्षका लागि विनियोजित ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँमध्ये जेठ २१ गतेसम्म ९ अर्ब ११ करोड ९५ लाख ७५ हजार रुपैयाँ मात्रै खर्च भएको छ। यसको अर्थ आर्थिक वर्ष समाप्त हुनुअघि अझै करिब ३७ अर्ब ८६ करोड रुपैयाँ खर्च हुन बाँकी छ।

अर्थ मन्त्रालयका अनुसार चालुतर्फ ५ अर्ब ३२ करोड ४४ लाख ८४ हजार रुपैयाँ खर्च भएको छ भने विकास निर्माणसँग प्रत्यक्ष जोडिएको पुँजीगत खर्च ३ अर्ब ७९ करोड ५० लाख ९१ हजार रुपैयाँमा सीमित छ। पुँजीगत खर्चको कमजोर अवस्थाले विकास आयोजनाको कार्यान्वयन अपेक्षाअनुसार अघि बढ्न नसकेको संकेत गरेको छ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार १३ जेठ गतेसम्म ८ अर्ब ७५ करोड ७६ लाख रुपैयाँ रहेको कुल खर्च जेठ २१ गतेसम्म आइपुग्दा ३६ करोड ४२ लाख रुपैयाँले मात्रै वृद्धि भएको छ। यस अवधिमा चालु खर्च करिब ९ करोड ७४ लाख रुपैयाँ र पुँजीगत खर्च करिब १८ करोड ७८ लाख रुपैयाँले बढेको छ।

बाँकी पृष्ठ ३

**परीक्षामा जफत गरिएका मोबाइल नष्ट प्रकरण:**
## विद्यार्थीमाथि कठोर कारबाही, तर मोबाइल लैजान दिने जिम्मेवार कर्मचारीमाथि किन छैन समान मापदण्ड ?

**शुभ नारायण कामती**
सिरहा, जेठ २३ गते



माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ तथा कक्षा-१२ को परीक्षाका क्रममा सिरहा जिल्लाका विभिन्न परीक्षा केन्द्रबाट जफत गरिएका एक करोड रुपैयाँभन्दा बढी मूल्यका मोबाइल फोन र स्मार्ट वाच नष्ट गरिएपछि त्यसको कानुनी आधार, प्रशासनिक प्रक्रिया तथा न्यायोचिततामाथि देशव्यापी बहस सुरु भएको छ। परीक्षा अनुशासन कायम गर्ने उद्देश्यले विद्यार्थीबाट बरामद गरिएका सामग्री स्थायी रूपमा नष्ट गरिए पनि परीक्षा केन्द्रभित्र त्यस्ता सामग्री प्रवेश गर्न दिने जिम्मेवार शिक्षक तथा कर्मचारीमाथि तुलनात्मक रूपमा सामान्य प्रशासनिक कारबाही गरिएको भन्दै सरोकारवालाहरूले प्रश्न उठाएका छन्।

जिल्ला परीक्षा समन्वय समिति सिरहाको निर्णयअनुसार शिक्षा विकास तथा समन्वय इकाइ सिरहाका परीक्षा शाखा अधिकृत राजदेव यादवको संयोजकत्वमा गठित पाँच सदस्यीय उपसमितिले सात वटा आइफोन, ४८९ वटा विभिन्न कम्पनीका एन्ड्रोइड मोबाइल तथा पाँच वटा स्मार्ट वाच जिल्ला प्रहरी कार्यालय परिसरमा २४ घण्टा पानीमा डुबाएर प्रयोगविहीन बनाई नष्ट गरेको जनाएको छ। बरामद सामग्रीको अनुमानित बजार मूल्य एक करोड

बाँकी पृष्ठ ३

## विवादबीच रास्वपा सिरहाको जिल्ला अधिवेशन, सभापतिमा तीन जनाको दाबी

**अपन दैनिक संवाददाता**
सिरहा, जेठ २३ गते




जिल्ला अधिवेशनमा कति प्रतिनिधि सहभागी हुने हो ? टुंगो नलाग्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को जिल्ला अधिवेशन भईरहेको छ। जसका लागि धनगढीमाई नगरपालिकाको जिरोमाईलमा तयारी तीव्र पारेका छन्। १७ वटा पालिकामध्ये ३ वटामा पालिका अधिवेशन विवादका कारण सम्पन्न हुन सकेको छैन। १६४ वटा वडामध्ये १८ वटा वडामा अधिवेशन भएको छैन।

जिल्ला सभापति हरि मैनालीका अनुसार भगवानपुर गाउँपालिकामा विवादका कारण अधिवेशन सम्पन्न हुन सकेन। त्यहाँका प्रतिनिधिहरु सहभागी हुन पाउँदैनन्। नवराजपुर र अर्नामा गाउँपालिकामा पनि तर्दथ समित गठन मात्रै भएको छ। त्यहाँ प्रतिनिधि छनौट हुन पाएन। पालिका तर्दथ समितिका सभापति, उपसभापति, सचिव र वडा सभापतिहरु प्रतिनिधिको रुपमा सहभागी हुन पाउने सभापति मैनाली जानकारी गराए।

आइतबार अधिवेशन उदघाटन

बाँकी पृष्ठ ४

## मधेश प्रहरीमा खैलाबैला:
### दुई एसपीले छाडेर गएपछि थप दुईलाई स्पष्टीकरण

**अपन दैनिक संवाददाता**
सिरहा, जेठ २३ गते



मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी गोविन्द थपलियासँग मतभेदपछि सप्तरी र धनुषा प्रहरी प्रमुखले स्वेच्छिक सरुवा मागेर कार्यक्षेत्र फेरेका छन्। अहिले फेरि रौतहट र बारा प्रहरी प्रमुखसँग उनै डीआईजीको मतभेद हुँदा स्पष्टीकरण सोधिएको छ।

प्रदेश प्रहरी कार्यालय, जनकपुरधामले रौतहटका एसपी सीताराम रिजाल र बाराका नरेन्द्र कुँवरलाई एकैसाथ स्पष्टीकरण सोधेको हो। यसअघि स्पष्टीकरण प्रकरणकै कारण सप्तरीबाट गौतमकुमार केसी र धनुषाका रुगम बहादुर कुँवरले हेडक्वार्टरसँग सरुवा मागेर अन्यत्र गइसकेका छन्।

प्रहरीस्रोतका अनुसार गत बिहीबार जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी रिजाल र बाराका एसपी नरेन्द्र कुँवरलाई मधेश प्रदेश प्रहरी कार्यालयले स्पष्टीकरण सोधेको हो। बारा एसपी कुँवरले आफूलाई स्पष्टीकरण सोधिएको पुष्टि गरेका छन्।

अपन दैनिकसँग कुरा गर्दै उनले स्पष्टीकरण प्राप्त भएको स्वीकारे। कारणबारे केही खुलाउन चाहेनन्। 'यो हाम्रो आन्तरिक विषय हो, डीआईजी सा'बलाई कुनै काम चित्त नबुझेको हुन सक्छ, मैले आवश्यक जवाफ पठाइसकेको छु', उनले भने।

बाँकी पृष्ठ ४






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

# मोबाइलको क्षतिपूर्ति देउ

सिरहा जिल्लामा गत चैतमा सम्पन्न माध्यमिक शिक्षा परीक्षा (एसईई) का क्रममा विद्यार्थीबाट बरामद गरिएका ४९६ थान मोबाइल फोन र ५ थान स्मार्टवाच पानीमा डुबाएर नष्ट गरिएको छ। यो घटनाले कानुनी, नैतिक तथा प्रशासनिक भूमिकामाथी प्रश्न उठाएको छ। परीक्षा प्रणालीलाई मर्यादित र निष्पक्ष बनाउन नक्कल नियन्त्रण गर्नु राज्यको दायित्व हो। तर कानुन कार्यान्वयनका नाममा नागरिकको सम्पत्तिमाथि गरिएको व्यवहार कानुनी सीमाभित्र थियो कि थिएन भन्ने प्रश्न अझ गम्भीर बनेर उभिएको छ। परीक्षा केन्द्रमा मोबाइल लैजानु नियमविपरीत हुन सक्छ। त्यसका लागि परीक्षा ऐन, नियमावली वा सम्बन्धित निर्देशिकाले कारबाहीको व्यवस्था पनि गरेको हुन सक्छ। तर कुनै व्यक्तिको सम्पत्ति जफत गरेर स्थायी रूपमा नष्ट गर्ने अधिकार कसलाई छ ? के त्यसका लागि अदालतको आदेश थियो ? के मोबाइल धनीलाई आफ्नो पक्ष राख्ने अवसर दिइएको थियो ? के सम्बन्धित कानुनले यस्तो सजायको व्यवस्था गरेको छ ? यी प्रश्नहरूको स्पष्ट उत्तर नदिई सम्पत्ति नष्ट गरिनु विधिको शासनको सिद्धान्तसँग मेल खान सक्दैन।

नेपालको संविधानले नागरिकलाई सम्पत्तिको हक सुनिश्चित गरेको छ। कानुनबमोजिम बाहेक कसैको सम्पत्ति खोस्न, नियन्त्रण गर्न वा नष्ट गर्न पाइँदैन। परीक्षा केन्द्रमा मोबाइल फेला पर्नु एउटा कसुर वा नियम उल्लंघनको विषय हुन सक्छ, तर त्यसको सजाय सम्पत्ति ध्वस्त पार्नु नै हुनुपर्छ भन्ने छैन। राज्यले कानुनले तोकेको सीमाभित्र रहेर मात्र कारबाही गर्न सक्छ। अन्यथा त्यो अधिकारको दुरुपयोग ठहरिन सक्छ।

मोबाइल आज केवल सञ्चारको साधन मात्र होइन। यसभित्र व्यक्तिका व्यक्तिगत तस्वीर, शैक्षिक सामग्री, पारिवारिक अभिलेख, बैंकिङ विवरण तथा अन्य महत्त्वपूर्ण डाटा सुरक्षित हुन्छन्। मोबाइल नष्ट गर्नु भनेको एउटा उपकरण नष्ट गर्नु मात्र होइन, त्यससँग जोडिएका अनेकौं व्यक्तिगत सूचना र स्मृतिहरू पनि मेटिनु हो। यदि ती सामग्रीको ब्याकअप थिएन भने त्यसको क्षति पैसाले मात्र पूर्ति गर्न नसकिने खालको हुन सक्छ।


यस घटनामा प्रशासनले परीक्षा प्रणालीमा सुधार ल्याउन खोजेको तर्क दिन सक्छ। तर राम्रो उद्देश्यले गरिएको काम पनि कानुनी प्रक्रिया विपरीत भएमा त्यसले राज्यप्रति नागरिकको विश्वास कमजोर बनाउँछ। कानुनको शासन भनेको परिणामभन्दा पनि प्रक्रियाको सम्मान हो। यदि नियम उल्लंघन भएको थियो भने कानुनअनुसार जरिवाना, परीक्षा रद्द वा अन्य वैधानिक कारबाही हुन सक्थ्यो। तर सम्पत्ति नष्ट गर्ने निर्णय अन्तिम र अपूरणीय कदम हो। त्यसैले यस घटनाबारे स्वतन्त्र छानबिन हुन आवश्यक छ। मोबाइल नष्ट गर्ने निर्णय कुन कानुनी आधारमा गरियो भन्ने सार्वजनिक हुनुपर्छ। यदि कानुनी प्रक्रिया पूरा नगरी सम्पत्ति नष्ट गरिएको पुष्टि हुन्छ भने सम्बन्धित व्यक्तिहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने विषय गम्भीरतापूर्वक अघि बढाइनुपर्छ। राज्यको अधिकार असीमित हुँदैन भन्ने सन्देश दिन पनि यो आवश्यक छ। नक्कल नियन्त्रण आवश्यक छ, तर कानुनभन्दा माथि कोही पनि हुन सक्दैन। परीक्षा व्यवस्थापनको नाममा नागरिकको सम्पत्तिमाथि गरिएको हस्तक्षेप कानुनी परीक्षणको विषय बन्नुपर्छ। विधिको शासन, नागरिक अधिकार र जवाफदेहिताको पक्षमा उभिने हो भने सिरहाको यो घटनाले क्षतिपूर्तिसहितको न्यायिक समीक्षा माग गर्दछ। यही बाटोले मात्र राज्य र नागरिकबीचको विश्वास कायम रहन सक्छ।



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
**सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल**
**फोन नं. ०३३-५२०७१४**
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# नेपाल-भारत सम्बन्धको ८ बुँदे भूराजनीतिक यथार्थ

**सौरभराज पन्त**



नेपाल-भारत सम्बन्ध बहुआयामिक छ। यो सम्बन्ध यति जटिल र जनस्तरमा अन्तर्निहित छ कि कहिलेकाहीँ यो दुई सार्वभौम राष्ट्र-राज्यको परिभाषाभन्दा फरक हुन पुग्छ। त्यसैले यी दुवै एक सभ्यता भएका दुई सार्वभौम मुलुक हुन्। भूगोल तथा शक्तिमा एउटा देशको तुलना अर्कोसँग हुनसक्दैन।

यसैले गर्दा नेपालीहरूले भारतको हरेक कदम तथा हलचलको निगरानी गरिराखेका हुन्छन्। वास्तवमा नेपालमा जहिले पनि दुई वटा डर छ इतिहासदेखि नै। एउटा भूकम्पको र अर्को शक्ति राष्ट्र, त्यसमा पनि भारतबाट केही हुने हो कि भन्ने डर। कुन बेला नेपाल-भारत सम्बन्धलाई राजनीतिक दृष्टिकोणबाट व्याख्या गर्ने, कुन बेला सांस्कृतिक र धार्मिक दृष्टिकोणबाट व्याख्या गर्ने भन्ने समस्या पटकपटक आइरहन्छ। तर अहिलेको सन्दर्भमा बढीजसो भूराजनीतिक आयामबाट नेपाल-भारत सम्बन्धको व्याख्या हुन थालेको पाइन्छ। त्यसैले यसलाई निम्न ८ बुँदामा बुझ्ने प्रयास गरौँ।

**भारतका लागि नेपाल 'सफ्ट बेली' हो**

नेपालको तीनतर्फी खुला सीमा र अपेक्षाकृत कमजोर सुरक्षा प्रणालीका कारण विगतमा भारतविरोधी तत्वहरूका लागि गतिविधि सञ्चालन गर्ने अवसर प्राप्त भएको भारतीयहरुको भनाइ छ। समय-समयमा दुवै देशले यस चुनौतीलाई नियन्त्रण गर्न सहकार्य गर्दै आएका छन्।

इन्डियन एयरलाइन्सको काठमाडौं विमानस्थलबाट विमान अपहरण भयो, जसको फलस्वरूप भारत सरकारले यात्रुको जीवन रक्षाका लागि जेलमा रहेको मौलाना अजहर मसुदलगायतलाई छोड्नु परेको थियो। मसुद रिहा भएपछि उनले जैस ए मोहम्मद नामक आतंकवादी संगठन निर्माण गरे। केही समयअघि नेपालको भूमिबाट इन्डियन मुजाहिद्दिन आबद्ध यासिन भट्कललाई पनि पक्राउ गरियो।

नेपाल-भारतको सीमा खुला छ। साथै नेपाल उपल्लो तटीय मुलुक पनि भएकोले नेपालको नदीहरूमा आउने बाढी भारतको चिन्ताको विषय रहँदै आएको छ। त्यसैले नेपाल भारतका लागि कमजोर ठाउँ अर्थात् 'सफ्ट बेली' हो भनेर भारतीयहरूले बुझ्ने गर्छन्।

**नेपालमा विदेशी शक्तिको संलग्नता**

नेपालमा हुने कुनै पनि विदेशी संलग्नताले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भारतसँग प्रतिस्पर्धात्मक स्थिति सिर्जना गर्छ। त्यसले नेपाली नेतृत्वलाई जटिल अवस्थामा पुऱ्याएको देखिन्छ। उदाहरणका लागि नेपालको चीनसँगको बीआरआई सम्झौतामा भारतलाई चित्त नबुझेको देखिन्छ। यसले नेपालमा निकै ठूलो कम्पन ल्याएको थियो।

साथै नेपालले अधिकांश देशका नागरिकलाई भिसा-मुक्त प्रवेश सुविधा प्रदान गर्दछ। पर्यटन नेपालको अर्थतन्त्रको प्रमुख आधार भए पनि सबै आगन्तुकहरू पर्यटन उद्देश्यका लागि मात्र आउने भन्ने निश्चित हुँदैन। भारतसँग भिन्न वैचारिक धारणा राख्ने विभिन्न देशहरूको उपस्थिति कहिलेकाहीँ नेपाल-भारत सम्बन्धमा तनावको कारण बन्न सक्छ। यसले भारतलाई नेपालमा आफ्नो संलग्नता बढाउन प्रेरित गर्न सक्छ, जसले नेपालको रणनीतिक सन्तुलनमा प्रभाव पार्न सक्छ।

**नेपालको जलस्रोत भारतका लागि रणनीतिक वस्तु**

नेपालका जलस्रोतहरू प्राकृतिक सम्पदा मात्र नभई रणनीतिक महत्वका स्रोत पनि हुन्। यी जल प्रणालीहरूले बाढी र पहिरो जस्ता जोखिम सिर्जना गरी भारतका लागि सुरक्षा चुनौती उत्पन्न गर्न सक्छन्। यो विषय भारतले पटक-पटक नेपाली अधिकारीसामु उठाएका छन्। साथै, भारतले नेपालमा विदेशी लगानी तथा संलग्नता रहेका परियोजनाबाट उत्पादित बिजुली खरिद गर्न अनिच्छा पनि देखाएको छ।

**नेपाल-भारत सीमा क्षेत्रमा सामाजिक संरचनामा देखिएको असन्तुलन**

सीमा क्षेत्रमा विभिन्न समुदायबीच कहिलेकाहीँ धार्मिक वा सांस्कृतिक आधारमा तनाव बढ्दै गएको पाइन्छ। जसले सामाजिक संरचनामा असर पुऱ्याउन सक्छ। यस्ता घटनाहरू कहिलेकाहीँ नेपालको सुरक्षा संयन्त्रको प्रत्यक्ष पहुँचभन्दा बाहिर जान सक्छन् र नेपाल तथा भारत दुवैका लागि सुरक्षा चुनौती सिर्जना गर्न सक्छन्। विभिन्न प्रतिवेदनले नेपाल-भारत सीमा क्षेत्रमा विभिन्न धर्मका धार्मिक गतिविधिहरू बढेर उग्रवादलाई प्रश्रय लिएको भन्ने देखाउँछन्।

**भारतमा नेपाललाई रणनीतिक चुनौतीका रूपमा हेर्ने दृष्टिकोण**

केही युवा भारतीय विश्लेषकहरूमा नेपाललाई गैर-भारतीय रणनीतिक शक्तिहरूसँग नजिकिँदै गएको व्याख्या गर्ने प्रवृत्ति देखिन्छ। उनीहरू नेपाललाई भारतका लागि सम्भावित चुनौतीका रूपमा लिन्छन्। यद्यपि, लामो समयदेखि रहेको जनस्तरको सम्बन्ध भने यो नयाँ बहसमा पूर्ण रूपमा प्रतिबिम्बित भएको देखिँदैन।

**नेपाल-भारत सम्बन्धमा गलत सूचनाको बाढी**

नेपाल-भारत सम्बन्ध बहुस्तरीय र बहुपक्षीय भएकाले विभिन्न सरोकारवालाहरू संलग्न छन्। यसकारण सामाजिक सञ्जालमा फैलिने गलत सूचना र भ्रामक जानकारीले दुई देशबीचको सम्बन्धमा प्रभाव पार्न सक्छ। उदाहरणका लागि, बाढी सम्बन्धी समाचार वा बाँध सञ्चालन सम्बन्धी जानकारी प्रायः वैज्ञानिक गणनाका आधारमा दुवै देशका अधिकारीहरूको समन्वयमा गरिन्छ। तर बिहारका बासिन्दामा नेपालले जानाजानी कोसीको बाढी ल्याउन बाँध खोलिदिएको प्रचार गर्ने गरिन्छ। यस्ता धारणा सामाजिक सञ्जालमार्फत छिटो फैलिँदा दुई देशबीच तनाव बढेको देखिन्छ।

**भारतसँगको सीमा विवाद**

जमिन फिर्ता ल्याउने संसारमा दुई विकल्प मात्र छन्- एउटा युद्ध र अर्को वार्ता। भारतसँग हाम्रो युद्धको कुरा भएन। दोस्रो वार्ता हो। जब हामी वार्ताको कुरा गर्छौं, त्यहाँ सधैं केही दिने र केही लेनदेनको कुरा आउँछ। यदि भारतले लिम्पियाधुरा र कालापानीबीच नेपालले दाबी गरेको भूभागको ९९ प्रतिशत हिस्सा नेपाललाई फिर्ता गर्न सहमत हुन्छ र केवल १ प्रतिशत हिस्सा आफ्नो पक्षमा राख्न चाह्यो भने नेपालले त्यस्तो प्रस्तावलाई गम्भीरतापूर्वक विचार गर्नुपर्छ भन्ने व्यावहारिक तर्क गर्न सकिन्छ। किनभने यसबाट नेपालले विवादित भूभागको अधिकांश हिस्सा पुनः प्राप्त गर्नेछ।

तर मुख्य चुनौती संवैधानिक छ। नेपालले लिम्पियाधुरा, कालापानी र लिपुलेक समेटिएको अद्यावधिक नक्सालाई संविधान संशोधनमार्फत संविधानमा समावेश गरिसकेको छ। संविधानले राष्ट्रिय भूभाग विस्तार गर्न त अनुमति दिन्छ, तर नेपालको भूभागका रूपमा मान्यता दिइसकेको क्षेत्रलाई घटाउने व्यवस्था गरेको छैन। त्यसैले वार्ताका लागि अनुकूल वातावरण सिर्जना गर्न वा सम्भावित समझदारीमा पुग्नका लागि पनि नेपालले कुनै भूभागीय समायोजनमा औपचारिक सहमति जनाउनुअघि संविधानमा रहेको नक्सासम्बन्धी अनुसूची संशोधन गर्नुपर्ने अवस्था आउन सक्छ। किनभने भारतले जुन नेपालको क्षेत्र आफ्नो नक्सामा राखेको छ, त्यो उसले सर्वे अफ इन्डियाले अद्यावधिक गरेको हो। भारतले नेपालको जस्तो संविधानमा नक्सा अद्यावधिक गरेको छैन।

**कालापानीबाट भारतीय सैनिक पोस्ट हट्ला त ?**

कालापानीबाट भारतीय सैनिक पोस्ट हट्नको लागि भारतको राजधानी नयाँ दिल्ली होइन, मुम्बई वा बैंगलोर सर्नुपर्छ। किनभने भविष्यमा यदि भारत-चीन युद्ध भयो भने चीनलाई भारतको राजधानी कब्जा गर्न प्रयोग हुने क्षेत्र भनेकै कालापानी हो, किनभने यहाँबाट दिल्ली धेरै नजिक छ। किन भारतले नेपालमा भएको सबै १८ वटा चेकपोस्ट हटाउँदा पनि यो क्षेत्रबाट हटाएन ? किनकि यो क्षेत्र दिल्लीको सुरक्षाका लागि विशेष छ।

नेपालले चीन-भारतबिच हुने युद्धलाई रोक्न सक्छु भन्ने आश्वासन दिएर यो क्षेत्रबाट भारतीय सैनिक पोस्ट हटाउन सक्दैन। त्यसैले अर्को कुनै चमत्कार नभएसम्म कालापानीबाट भारतीय सैनिक पोस्ट हट्ने सम्भावना न्यून छ।

हालसालै रास्वपा सभापति रवि लामिछानेको भाजपाको निमन्त्रणामा भएको भारत भ्रमण पार्टीगत तथा कूटनीतिक दुवै भयो। उनले भारतका प्रधानमन्त्री, विदेशमन्त्री तथा गृहमन्त्रीसहित भाजपा अध्यक्षसमेत भेटे। उनको भारत भ्रमणको दौरानमा हिन्दुस्तान टाइम्समा छापिएको विकास-कूटनीति केन्द्रित लेखलाई भारतका अधिकारीहरूले निकै प्रशंसा पनि गरे।

प्रश्न के छ भने जब नेपाल-भारत सम्बन्ध भूराजनीतिक आयाममा प्रवेश गर्छ, तब यो सम्बन्ध कचल्टिन्छ वा भनौं नेपाल-भारत सम्बन्धमा तेस्रो पक्षको प्रवेशले दुवैलाई समस्यामा पार्छ। त्यसैले यो सम्बन्धलाई अर्थ-पूर्वाधार केन्द्रित बनाउनु पर्छ।

**(सौरभराज पन्त अन्तर्राष्ट्रिय सम्बन्धका विश्लेषक हुन्)**

## आजको राशिफल

**मेष :** विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ।

**बृष :** आम्दानी सामान्य भए पनि ठूलो खाँचो टर्नेछ। खर्च भए पनि विभिन्न अवसरले पछ्याउनेछन्।

**मिथुन :** नयाँ व्यवसाय सुरु गर्ने मौका छ। महत्वपूर्ण काम गरेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

**कर्कट :** प्रयत्न गर्दा भाग्यले साथ दिनेछ। परिवारको सहयोगमा महत्वपूर्ण काममा सफलता मिल्नेछ।

**सिंह :** रमाइलो यात्राको अवसर जुट्न सक्छ। मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धन समेत कसिन सक्छ।

**कन्या :** सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ। व्यवसायमा लगानी बढाउने मौका जुर्न सक्छ।

**तुला :** प्रशंसकहरू बढ्नेछन् र मानसम्मान समेत पाइनेछ। प्रतिस्पर्धीहरूलाई सजिलै वशमा ल्याउन सकिनेछ।

**वृश्चिक :** आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ। पैत्रिक सम्पत्तिको उपयोगबाट थप फाइदा उठाउन सकिनेछ।

**धनु :** विगतका कमजोरी सच्याउने मौका मिल्नेछ। विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ।

**मकर :** काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ।

**कुम्भ :** सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ। लगनशीलताले महत्वपूर्ण काम दिलाउन सक्छ।

**मीन :** अध्ययन अध्यापनमा प्रगति हुनेछ। बोलीको प्रभावले धेरैलाई आकर्षित गर्नुका साथै सजिलै काम बनाउन सकिनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
**सिधा सम्पर्क ०३३-५२१२१४**
**अपन दैनिक पत्रिका**

# 'वैकल्पिक व्यवस्था नगरी जबर्जस्ती उठिबास र निष्कासन अस्वीकार्य'



मणिलाल विश्वकर्मा
सिरहा, जेठ २३ गते

सरकारले सार्वजनिक, ऐलानी जग्गा अतिक्रमण मुक्त बनाउन नाममा वर्षौंदेखि बसोबास गर्दै आएका जमिनबाट उठिबास गराएर भूमिहीन सुकुमवासीहरूको बिचल्ली बनाएको भन्दै सिरहाका भूमिहीन सुकुमवासीहरूले वैकल्पिक व्यवस्था नगरी जबर्जस्ती उठिबास र निष्कासन अस्वीकार गर्ने बताएका छन्।

जिल्लाका भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीहरूले सुरक्षित आवास र भूमि अधिकारको सुनिश्चितता गर्न माग गर्दै जबर्जस्ती उठिबास र निष्कासन रोक्न आग्रह गरेका हुन्।

'संविधान, कानुनसहित नीतिगत रूपमा भूमिहीन, सुकुमवासी, दलित तथा अव्यवस्थित बसोबासीहरूको उचित व्यवस्थापन गरिने स्पष्ट व्यवस्था हुँदाहुँदै काठमाडौं उपत्यकासहित जिल्लाका विभिन्न ठाउँमा जबर्जस्ती उठिबास र निष्कासन भइरहेका छन्,' उनीहरूले भने, 'यस्ता कार्यहरूले नागरिकको आवास, जीविकोपार्जन, शिक्षा, स्वास्थ्य तथा सुरक्षाजस्ता आधारभूत मानव अधिकारहरूमा गम्भीर असर पुऱ्याएको छ।'

**कानुनी प्रक्रिया पुऱ्याएर लालपूर्जा**

उनीहरूले वर्षौंदेखि बसोबास गर्दै आएको बस्तीमा राज्यले सडक, विद्युत्, खानेपानीलगायतका आवश्यक पूर्वाधार विकास गरिसकेको हुँदाहुँदै उठिबास गराउने निर्णय अन्यायपूर्ण रहेको औंल्याउँदै संविधानको धारा ३७ र ४० तथा भूमिसम्बन्धी ऐन, २०२१ (आठौं संशोधन) अनुसार भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन राज्यको दायित्व भएको स्मरणसमेत गराएका छन्।

जिल्लाका विभिन्न स्थानीय तहमा बसोबास गरिरहेका वास्तविक भूमिहीन तथा सुकुमवासीहरूको तत्काल लगत संकलन गरी कानुनी प्रक्रियाअनुसार लालपुर्जा वितरण, जोखिमयुक्त वा कानुनले निषेध गरेका क्षेत्रमा बसोबास रहेका परिवारहरूको हकमा सम्बन्धित समुदायसँगको समन्वयमा सुरक्षित र सम्मानजनक वैकल्पिक बसोबासको व्यवस्थासहित पुनर्स्थापना गरिनुपर्ने भूमिहीन सुकुमवासीहरूको माग छ।

जिल्ला भूमिअधिकार मञ्च, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र नेपाल महिला एकता समाजको आह्वानमा सिरहाको धनगढीमाई-१०, जिरोमाइलमा आयोजित पत्रकार सम्मेलनमा उनीहरूले भने, 'उठिबास गरिएका परिवारहरूलाई तत्काल राहत, क्षतिपूर्ति र पुनर्स्थापनाको सुनिश्चितता तथा कुनै पनि ठाउँ खाली गर्नु पूर्व मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरूको पूर्ण पालना गरी व्यवहारिक स्थापन गरिनुपर्छ।'

सरकारद्वारा विघटित तत्कालीन भूमि समस्या समाधान आयोगको तथ्यांक अनुसार आयोगसँग सम्झौता भई सम्बन्धित स्थानीय तहहरूले गरेको लगत संकलन र प्रविष्टि विवरणअनुसार जिल्लाको गोलबजार, धनगढीमाई, लहान, कर्जन्हा, सिरहा र मिर्चैया नगरपालिका तथा औरही गाउँपालिकामा गरी तीन हजार आठ सय १५ भूमिहीन दलित, दुई हजार छ सय ६२ भूमिहीन सुकुमवासी र तीन हजार तीन सय छ अव्यवस्थित बसोवासी गरी नौ हजार सात सय ८३ जना छन्। 'बाँकी नौ पालिकामा लगत संकलन नभए पनि करिब १३ देखि १४ हजार परिवार भूमिहीन, दलित भूमिहीन सुकुमवासी र अव्यवस्थित रहेको अनुमान छ,' भूमि अधिकारकर्मी अरुण सदायले भने, 'त्यति ठुलो संख्यामा रहेका नागरिकलाई भरपर्दो विकल्प नदिई त्यतिकै विस्थापन गर्न मिल्दैन।'

**संरक्षणको आवरणमा विस्थापन**

गत २५ वैशाखमा सर्वोच्च अदालतले सुकुमवासीहरूको व्यवस्थापन नगरी बस्ती खाली नगर्न अन्तरिम आदेश दिएको भए पनि जिल्लाका विभिन्न ठाउँमा अतिक्रमण खाली गर्ने नाममा विनाविकल्प जबर्जस्ती सुकुमवासी बस्तीहरूमा डोजर चलाउन थालेपछि भूमिहीन सुकुमवासीहरू आतंकित भएका छन्।

संघीय सरकारको १२ चैत २०८२ को मन्त्रिपरिषद् बैठकको निर्णयबमोजिम शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं. ९२ अन्तर्गत सार्वजनिक जग्गाको संरक्षण तथा नियन्त्रण गर्ने, अतिक्रमण कडाइ पूर्वका रोक लगाइने, अवैध कब्जा हटाउने नाममा वर्षौंदेखि बसोवास गर्दै आएको थातथलोबाट जबर्जस्ती विस्थापन गरिएको उनीहरूको आरोप छ।

सिरहाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गत २४ वैशाखमा जिल्लाका सुरक्षा प्रमुखहरू, पालिका प्रमुख, उपप्रमुखहरूको बैठकले जिल्लाका १७ वटै स्थानीय तहले आ-आफ्नो क्षेत्रभित्रको सरकारी, सार्वजनिक जग्गाहरूको लगत कायम नभएको भए सात दिनभित्र तयार गर्ने, लगत कायम भएका जग्गाको सन्दर्भमा आ-आफ्नो क्षेत्रभित्र सरकारी सार्वजनिक जग्गाहरुमा रहेको अतिक्रमण हटाउने योजनासहितको विवरण स्थानीय तहहरूले १५ दिनभित्र जिल्ला प्रशासन कार्यालयमा पठाउनेलगायतका निर्णय भएको थियो।

आ-आफ्नो पालिकाको सरकारी साार्वजनिक जग्गामा बसोवास गरेका घरपरिवारमध्ये वास्तविक

बाँकी पृष्ठ ४

## मधेश प्रदेश सरकारमाथि एक महिनामै ८१ प्रतिशत ...........

आर्थिक वर्षको अन्त्य नजिकिँदै जाँदा खर्च बढाउने चाप बढे पनि हालको प्रगतिले बजेट कार्यान्वयनको प्रभावकारितामाथि प्रश्न उठाएको छ। असार महिनामा बजेट खर्च गर्ने मधेश प्रदेशको पुरानो प्रवृति रहेको छ। त्यही प्रवृति वर्तमान सरकारमा पनि दोहोरिने जस्तो देखिएको छ।

यसैबीच, मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले विगतदेखि प्रदेशमा विकास निर्माणको बजेट आर्थिक वर्षको अन्तिम अन्तिममा खर्च हुने परम्पराले पनि अहिले बजेट खर्च कम भएको देखिएको बताए।

पदभार सम्हालेपछि प्रदेश सरकारको खर्च विवरण साताको आधारमा सार्वजनिक गर्दै आएका मन्त्री भट्टराईले बजेट खर्चभन्दा पनि बजेट सदुपयोग, सार्वजनिक हितमा योजना खर्च होस् भन्ने आफूहरूको उद्देश्य रहेको बताए।




# एसईई ग्रेडवृद्धि परीक्षाको नतिजा दुई साताभित्रै

मणिलाल विश्वकर्मा
सिरहा, जेठ २३ गते



राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले माध्यमिक शिक्षा परीक्षा (एसईई) को पूरक (ग्रेडवृद्धि) परीक्षा सम्पन्न भएको दुई साताभित्र नतिजा प्रकाशन गर्ने गरी तयारी गरेको छ।

आगामी असार १ देखि ९ गतेसम्म पूरक परीक्षा हुँदैछ। यसअघि, एसईई-

बाँकी पृष्ठ ४

## विद्यार्थीमाथि कठोर कारबाही, तर मोबाइल लैजान दिने ...........

रुपैयाँभन्दा बढी रहेको बताइएको छ।

उपसमितिमा जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधिहरू सहभागी थिए। जिल्ला परीक्षा समन्वय समितिका अनुसार मधेश प्रदेशकी तत्कालीन शिक्षामन्त्री रानी शर्मा तिवारीले एसईई परीक्षामा प्रयोग भएका मोबाइल नष्ट गर्ने निर्देशन दिएकी थिइन्। सोही निर्देशन तथा समिति बैठकको मिति २०८२ चैत १६ गतेको निर्णयका आधारमा उक्त कार्यान्वयन गरिएको बताइएको छ।

**कानुनी आधारमाथि उठे प्रश्न**

कानुनविद् तथा शिक्षा क्षेत्रका जानकारहरूका अनुसार परीक्षा सञ्चालन निर्देशिकाले परीक्षा केन्द्रमा मोबाइल वा अन्य विद्युतीय उपकरण लैजान निषेध गर्न तथा त्यस्ता सामग्री जफत गर्न सक्ने व्यवस्था गर्न सक्छ। तर जफत गरिएका निजी सम्पत्ति स्थायी रूपमा नष्ट गर्ने अधिकार कुन कानुनी प्रावधानबाट प्राप्त हुन्छ भन्ने विषय स्पष्ट हुनुपर्ने उनीहरूको भनाइ छ।

उनीहरूका अनुसार प्रचलित कानुनी व्यवस्थाअनुसार सरकारी नियन्त्रणमा आएका जिन्सी सामग्रीको व्यवस्थापनसम्बन्धी प्रक्रिया निर्धारण गरिएको हुन्छ। त्यसैले कुनै पनि निजी सम्पत्ति नष्ट गर्ने निर्णय विधिसम्मत प्रक्रिया र सक्षम कानुनी आधारसँग मेल खानुपर्ने उनीहरूको धारणा छ।

कानुन व्यवसायी सुभेन्द्र साहका अनुसार, "मोबाइल व्यक्तिको निजी सम्पत्ति हो। परीक्षा अनुशासन कायम गर्न जफत गर्न सकिएला, तर स्थायी रूपमा नष्ट गर्ने निर्णय संविधानले प्रत्याभूत गरेको सम्पत्तिको अधिकार र विधिसम्मत प्रक्रियाको कसौटीमा परीक्षण हुन सक्छ। यदि पीडित पक्ष अदालत पुग्यो भने क्षतिपूर्ति तथा कानुनी जिम्मेवारीसम्बन्धी प्रश्न समेत उठ्न सक्छ।"

**विद्यार्थीको मोबाइल नष्ट, तर जिम्मेवार कर्मचारीमाथि किन फरक व्यवहार ?**

यो प्रकरणमा अर्को गम्भीर प्रश्न पनि उठेको छ–परीक्षा केन्द्रभित्र मोबाइल प्रवेश गर्न दिने जिम्मेवारी कसको थियो ?

स्थानीय अभिभावक शम्भु साह भन्छन्, "यदि परीक्षा केन्द्रमा मोबाइल लैजान निषेध थियो भने प्रवेशद्वारमै प्रभावकारी चेकजाँच किन भएन ? विद्यार्थीको मोबाइल त नष्ट गरियो, तर त्यसलाई परीक्षा हलसम्म पुग्न दिने कर्मचारी र निरीक्षकमाथि किन समान प्रकृतिको कडा कारबाही भएन ?"

एसईई परीक्षाका क्रममा प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलको नेतृत्वमा गरिएको अनुगमनमा परीक्षा मर्यादा उल्लंघन भएको पाइएपछि मोबाइलसहित भेटिएका दुई जना केन्द्राध्यक्ष तथा केही निरीक्षकमाथि कारबाही गरिएको थियो। शिक्षा विकास तथा समन्वय इकाइ सिरहाले सार्वजनिक गरेको विवरणअनुसार एसईई अवधिमा दुई केन्द्राध्यक्ष र आठ जना निरीक्षकलाई निष्कासन गरी सम्बन्धित केन्द्राध्यक्षहरूसँग स्पष्टीकरण मागिएको थियो।

त्यसैगरी, कक्षा-१२ को परीक्षामा श्री जनता माध्यमिक विद्यालय सुखीपुरका निरीक्षकहरूलाई निष्कासन गरिएको तथा श्री रामजानकी माध्यमिक विद्यालय छजनाका केन्द्राध्यक्ष परिवर्तन गरिएको थियो।

तर सरोकारवालाहरूको प्रश्न छ–विद्यार्थीको करोडौं मूल्यको निजी सम्पत्ति स्थायी रूपमा नष्ट हुने, तर परीक्षा व्यवस्थापनको जिम्मेवारीमा रहेका अधिकारीहरूलाई केवल निष्कासन वा स्पष्टीकरणमै सीमित राख्नु न्यायसंगत हो त ?

कानुनी रूपमा पनि प्रशासनिक जिम्मेवारी वहन गर्ने पदाधिकारी र परीक्षा अनुशासन उल्लंघन गर्ने परीक्षार्थीबीच कारबाहीको मापदण्ड सन्तुलित हुनुपर्ने आवाज उठ्न थालेको छ।

**मोबाइल केवल उपकरण होइन, सम्झनाको भण्डार पनि**

अभिभावक तथा सामाजिक अभियन्ताहरूले मोबाइलको आर्थिक मूल्यभन्दा त्यसमा सुरक्षित रहेका व्यक्तिगत विवरण, पारिवारिक तस्वीर, शैक्षिक कागजात, व्यवसायिक अभिलेख तथा भावनात्मक स्मृतिको महत्वलाई पनि ध्यान दिनुपर्ने बताएका छन्।

उनीहरूका अनुसार नयाँ मोबाइल किन्न सकिएला, तर त्यसभित्र सुरक्षित जीवनका महत्वपूर्ण क्षण, अभिलेख र सम्झनाहरू एकपटक नष्ट भएपछि पुनः प्राप्त गर्न सम्भव हुँदैन। त्यसैले मोबाइल नष्ट हुनु केवल एउटा उपकरणको क्षति मात्र नभई कतिपय अवस्थामा व्यक्तिको निजी स्मृति र अभिलेखमाथिको स्थायी क्षति पनि हुन सक्छ।

**प्रजिअ सुरेन्द्र पौडेलको तर्कः गोपनीयता संरक्षणका लागि नष्ट गरियो**

यता, सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले बरामद मोबाइलहरूमा व्यक्तिको निजी विवरण तथा संवेदनशील सामग्री हुन सक्ने भएकाले गोपनीयता संरक्षणका दृष्टिले नष्ट गर्ने निर्णय गरिएको बताएका छन्।

उनका अनुसार जफत गरिएका मोबाइलहरू लिलाम गर्न सकिने भए पनि ती सामग्री अवाञ्छित व्यक्तिको हातमा पुगेमा सामाजिक तथा व्यक्तिगत रूपमा गम्भीर दुष्परिणाम आउन सक्ने जोखिमलाई ध्यानमा राख्दै यस्तो निर्णय गरिएको हो।

**शिक्षाविद्को टिप्पणी : 'यो विकृत मानसिकताको उपज'**

शिक्षाविद् प्रा.डा. मनप्रसाद वाग्लेले सामाजिक सञ्जालमार्फत विद्यार्थीबाट जफत गरिएका मोबाइल नष्ट गरिनुलाई "विकृत मानसिकताको उपज" भन्दै प्रश्न उठाएका छन्।

उनले भनेका छन्, "परीक्षा हलको प्रवेशद्वारमै प्रभावकारी चेकजाँच किन गरिएन ? मोबाइल लैजान दिने निरीक्षक र कर्मचारीलाई जवाफदेही बनाउने कि विद्यार्थीको मोबाइल नष्ट गर्ने ?"

उनले महोत्तरी जिल्लामा जरिवाना लिएर अभिभावकमार्फत मोबाइल फिर्ता गरिएको उदाहरण उल्लेख गर्दै अनुशासन कायम गर्न वैकल्पिक उपायहरू हुँदाहुँदै चरम विकल्प रोजिनु उपयुक्त नदेखिएको धारणा व्यक्त गरेका छन्।

**राष्ट्रिय बहसको विषय बन्दै सिरहाको निर्णय**

मधेश प्रदेशमा एसईई तथा कक्षा-१२ परीक्षासँग सम्बन्धित बरामद सामग्री यति ठूलो परिमाणमा नष्ट गरिएको यो सम्भवतः पहिलो घटना हो। यस घटनाले परीक्षा अनुशासन, सरकारी अधिकारको सीमा, निजी सम्पत्तिको संरक्षण, प्रशासनिक जवाफदेहिता तथा विधिसम्मत प्रक्रियाबीच सन्तुलन कसरी कायम गर्ने भन्ने विषयलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याएको छ।

अब सम्बन्धित निकायले उक्त निर्णयको कानुनी आधार, प्रक्रिया र औचित्यबारे स्पष्ट धारणा सार्वजनिक गर्दै विद्यार्थी, अभिभावक तथा नागरिक समाजमा उठेका प्रश्नहरूको जवाफ दिनुपर्ने आवश्यकता देखिएको छ। साथै, भविष्यमा यस्ता विवाद दोहोरिन नदिन परीक्षा केन्द्रमै प्रभावकारी जाँच प्रणाली, सुरक्षित मोबाइल संकलन कक्ष (Locker System) तथा स्पष्ट कार्यविधि लागू गर्नुपर्ने माग पनि बलियो बन्दै गएको छ।

सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व–उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं।

विष्णुपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर
मधेश प्रदेश, सिरहा (नेपाल)

२४ जेठ ०८३ आइतबार
www.apandainik.com
अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

## एसईई ग्रेडवृद्धि परीक्षाको नतिजा ............

२०८२ को परीक्षाफल एक महिनामा प्रकाशन गरिएको थियो।

परीक्षा नियन्त्रक टुकराज अधिकारीले आगामी असार २५ गतेभित्र पूरक परीक्षाको परीक्षाफल प्रकाशन गरिने बताए।

एसईईमा एक लाख ४६ हजार ५०७ विद्यार्थी 'ननग्रेडेड' भएकामा पूरक परीक्षामा कतिले सहभागिता जनाउँछन् भन्ने यकिन तथ्याङ्क प्राप्त भइनसकेको उनले बताए।

'ग्रेड सि' भन्दा कम प्राप्त गरेका विद्यार्थी पूरक परीक्षामा सहभागी हुनेछन्।

## 'वैकल्पिक व्यवस्था नगरी जबर्जस्ती ..........

सुकुमवासी पहिचान गरी तत्काल अन्यत्र व्यवस्थापन (सुरक्षित आवास, स्वास्थ्य खानपान, गोपनीयताको संरक्षण, औषधि उपचार तथा परामर्श, महिला तथा अपांगमैत्री आवास कक्ष, सुरक्षा प्रबन्ध) लगायतका योजनाको तयारी सम्बन्धित पालिकाले नै गर्ने भनिए पनि निर्णय मुताबिक केही नगरी एक्कासि डोजरले घर भत्काएर आफूहरूको बिचल्ली बनाइएको नवराजपुर गाउँपालिका- ४ का रामविलास रजकको गुनासो छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल

# एक युवकलाई सोधपुछ गर्नुछ भन्दै प्रहरीले नियन्त्रणमा लिएर निर्घात कुटपिट गरेको आरोप

## प्रहरी भन्छ– कुटपिट होइन सोधपुछ मात्र गरेको हो

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २३ गते**

सिरहाको लहान नगरपालिका- २४ का एक युवकले गाउँका साथीले बालिका भगाएको विषयमा सोधपुछ गर्न भन्दै प्रहरीले नियन्त्रणमा लिएर निर्घात कुटपिट गरेको आरोप लगाएका छन्। काठमाडौंमा होटेल म्यानेजमेन्ट पढ्दै गरेका लहान-२४ का करिब २० वर्षीय अभिषेक पासवानले आफूलाई 'सोधपुछ गर्नुपर्नेछ' भन्दै गाउँ पुगेका प्रहरीले बिहीबार इलाका प्रहरी कार्यालय लहानमा ल्याई निर्घात कुटपिट तथा मानसिक यातना दिएको आरोप लगाएका हुन्।

क्याम्पस छुट्टी भएपछि दुई दिनअघि मात्र घर आएका उनले आफूलाई मुद्दा शाखाका प्रहरीले





'बालिकालाई तेरो साथीले कहाँ लुकाएर राखेको छ ?' भन्दै एउटै प्रश्न पटक-पटक सोध्दै रातभर प्लास्टिकको पाइपले कुटपिट गरेको बताए। प्लास्टिकको पाइपले कुटपिट गर्दा दुवै खुट्टा, हातमा चोटपटक लागेको उनले बताए।

'बालिका भगाएको विषयमा मेरो कुनै संलग्नता पनि छैन र कहाँ राखेको छ भन्नेबारेमा पनि कुनै जानकारी छैन,' उनले भने, 'गाउँका मेरै उमेरका साथीले लहानकी १६ वर्षीया बालिकालाई भगाएको रहेछ, त्यही विषयमा सोधपुछ गर्ने नाममा ममाथि निर्घात कुटपिट भएको हो,' 'बालिका लिएर भागेका साथीले मसँग एकपल्ट मात्र मोबाइलमा कुराकानी गरेका थिए, त्यसपछि कुनै सम्पर्क, कुराकानी केही भएको छैन,' उनले भने।

**कुटपिट होइन, सोधपुछ मात्र : प्रहरी**

सोधपुछका लागि ल्याइएका युवकलाई सामान्य सोधपुछ मात्र गरेको प्रहरीको दाबी छ। जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले प्रहरी नियन्त्रणमा लिइएका युवकलाई सोधपुछ गरेर भोलिपल्ट परिवारको जिम्मामा छोडिएको बताए।

'सोधपुछका लागि ल्याएका युवकसँग बालिका भगाएका युवकको पटक-पटक कुराकानी भएको पाइएको छ,' उनले भने, 'त्यही विषयमा सोधपुछ मात्र गरिएको हो, युवकसँग सोधपुछ गर्ने प्रहरीले हातपात र कुटपिट गरेका रहेछन् भने छानबिन हुन्छ र दोषी पाइएको खण्डमा विभागीय कारबाही हुन्छ।' युवकले आरोप लगाए जसरी प्रहरीले निर्घात कुटेको भन्ने आरोपमा सत्यता नरहेको उनले बताए।

## विवादबीच रास्वपा सिरहाको जिल्ला अधिवेशन ............

छ तर, अहिलेसम्म सहभागी हुने प्रतिनिधिहरुको नाम ईन्ट्री नै गर्दैछ। 'ईन्ट्री भईरहेको छ। करिब करिब ६५० जना प्रतिनिधि सहभागी होला जस्तो छ। विभागहरु पनि गठन भएको छैन,' उनले भने, 'सदस्य संख्याको आधारमा प्रतिनिधि छनौट हुने गरिन्छ। विवाद भएको ठाउँ त्यो हुन पाएन।' २०० सदस्यतामा ३ जना प्रतिनिधि त्यसमा १ महिला अनिवार्य गरेको छ। २ सय भन्दा बढी सदस्य भएमा थप १ जना र ४ सय भन्दा बढी सदस्य भए ४-५ जना मिलाएर प्रतिनिधि बनाउने गरेको सभापति मैनालीले सुनाए।

कोटा नै निर्धारण गरेर आदिवासी, जनजाति, मुस्लिम, दलित छुट्याएर प्रतिनिधि छनौट गर्ने छैन। १५८ वटा वडामा तदर्थ समिति गठन भएको थियो। जसमा १४६ वटा वडामा अधिवेशन भयो। यसबाहेक प्रदेश, केन्द्रका विभागमा रहेका सदस्य, जनप्रतिनिधि सम्भवत: जिल्ला अधिवेशनको प्रतिनिधि हुने उनले बताए। पार्टीमा उठेको लेबी, आफ्नो पार्टीका नेताहरुसँग सहयोग मागेर अधिवेशन गरिरहेको सभापति मैनालीको भनाइ छ। कसैले स्वच्छाले सहयोग गर्न आए स्वीकार गर्ने जनाएको छ।

**सभापतिमा तीन जनाको दाबी**

नयाँ नेतृत्व चयनका लागि सभापति ३ जनाले दाबी गरेर कार्यकर्ताहरुसँग सहयोग मागिरहेको छ। अहिलेका सभापति मैनाली दोहरिन खोजेका छन्। यसैगरी गत फागुनको चुनावमा पार्टी प्रवेश गरेका रामसोगारथ यादव र सुभाष यादव पनि दाबी गरेका छन्। नयाँ नेतृत्व सहमतिमा नभई निर्वाचन प्रक्रियाबाट हुने देखिएको छ। जिल्ला अधिवेशन उदघाटन सत्रका लागि जिरोमाईलमा मञ्च तयार गर्दै।

## कमला पुलको निरक्षणमा संघीय ............

सार्वजनिक भए पनि कामले अपेक्षित गति लिन नसकेको भन्दै स्थानीयले सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन्।

यसैबीच, उक्त विषयलाई लिएर सामाजिक सञ्जालमा समेत विभिन्न प्रतिक्रिया सार्वजनिक भइरहेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का एक सक्रिय कार्यकर्ताले आफ्नो फेसबुकमार्फत मन्त्रीको निरीक्षणलाई लक्षित गर्दै लेखेका छन्, "निरीक्षणको फोटो खिचियो, औपचारिकता पूरा भयो, तर उत्तर खोजिरहेका प्रश्नहरू भने पुलमुनिको पानीझैँ बगिरहे। जनता उत्तरको प्रतीक्षामा छन्– पुल कहिले सुरक्षित बन्छ ? कामको प्रगति कहाँ पुग्यो ? जवाफदेहिता कसले लिन्छ ? तर मन्त्रीज्यूको मौनताले फेरि एउटा प्रश्न थपिदियो– निरीक्षण गर्न सजिलो, जवाफ दिन गाह्रो किन ?"

सामाजिक सञ्जालमा व्यक्त गरिएको उक्त धारणा सम्बन्धित व्यक्तिको निजी अभिव्यक्ति भएको र यसले आधिकारिक धारणा प्रतिनिधित्व नगर्ने भए पनि यसले कमला पुलको निर्माणमा भएको ढिलाइप्रति स्थानीय तहमा रहेको व्यापक चासो र असन्तुष्टिलाई प्रतिबिम्बित गरेको देखिन्छ। मन्त्रालय स्रोतका अनुसार मन्त्रीको निरीक्षणको उद्देश्य निर्माण कार्यको वास्तविक अवस्था बुझ्नु र सम्बन्धित निर्माण पक्षलाई समयमै काम सम्पन्न गर्न जिम्मेवार बनाउनु रहेको छ। मन्त्री लम्सालले निर्माण कम्पनीलाई ढिलासुस्ती नगर्न कडा निर्देशन दिएको बताइएको छ।

यद्यपि, निरीक्षणपछि पनि पुल निर्माण सम्पन्न हुने निश्चित समयसीमा सार्वजनिक नभएकाले स्थानीयमा अन्योल कायमै रहेको छ। वर्षौंदेखि अधुरो रहेको कमला पुल छिट्टै सञ्चालनमा आए सिरहा र धनुषाबीचको आवागमन सहज हुनुका साथै यस क्षेत्रको आर्थिक, शैक्षिक तथा सामाजिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

## दुई एसपीले छाडेर गएपछि थप दुईलाई ..............

यस विषयमा प्रतिक्रिया लिन खोज्दा रौतहटका एसपी रिजालसँग सम्पर्क हुन सकेन। प्रहरीस्रोतका अनुसार पछिल्लो समय बारा र रौतहटमा तस्करी नियन्त्रण अभियानलाई तीव्र बनाइएको छ। सीमावर्ती तथा संवेदनशील जिल्लाका रूपमा चिनिएका यी दुई जिल्लामा अवैध कारोबार नियन्त्रणका लागि जिल्ला प्रहरीले सक्रियता बढाएको थियो।

यद्यपि, प्रहरीका केही उच्चपदस्थ अधिकृत उक्त गतिविधिलाई फरक ढंगले हेर्छन्। नाम नखुलाउने शर्तमा एक वरिष्ठ प्रहरी अधिकृतले प्रदेश प्रहरी कार्यालयबाट खटिएका केही कर्मचारी र स्थानीय केही प्रहरीबीच हुने भनिएको 'लाइन मिलाउने' तथा तस्करीसँग सम्बन्धित गतिविधिमा जिल्ला प्रहरी प्रमुखहरूले अंकुश लगाउन खोज्दा विवाद सिर्जना भएको दाबी गरे।

'केही समययता प्रदेशबाट खटिएका केही प्रहरी कर्मचारीको भूमिकामाथि स्थानीय सञ्चारमाध्यममै प्रश्न उठिरहेको थियो, जिल्ला सो विषयलाई रोक्न खोजे, त्यस्ता गतिविधिमा रोक लगाउने प्रयास भएपछि माथिसम्म फरक ढंगले रिपोर्टिङ भएको हुन सक्छ', ती अधिकारीले भने।

बारामा पूर्वप्रहरी प्रमुख एसपी सन्तोष तामाङलाई जिम्मेवारीबाट हटाइएपछि गत मंसिर ५ गते प्रहरी प्रधान कार्यालयले मानव बेचबिखन अनुसन्धान ब्युरोबाट एसपी नरेन्द्र कुँवरलाई त्यहाँ पठाएको थियो। उनी बारामा आएको करिब सात महिना भएको छ। यस्तै रौतहटमा एसपी रिजालको कार्यकाल पनि पाँच महिनाको हाराहारीमा पुगेको छ।

संगठनभित्रैका केही स्रोतहरूले पछिल्लो समय प्रदेश प्रहरी नेतृत्वसँग असहमत हुने वा निर्देशनअनुसार काम नगर्ने कर्मचारीहरूमाथि अनावशयक दबाबमा बढाउन थालिएको छ।

यसअघि यस्तै विषयमा मतभेद भएर सप्तरीका केसी र धनुषाका कुँवरले सरुवा मागेका हुन्। जिल्लामा प्रदेशदेखि हेडक्वार्टरसम्मका घुमुवा आतंक बढेका कारण काम गर्न नसकिएको ती एसपीहरुको गुनासो थियो।

'सलामी दस्तुर' तथा व्यापारीसँग आर्थिक लेनदेनको विषयमा डिआइजी थपलियाको नाम जोडिएपछि प्रहरी प्रधान कार्यालयले आन्तरिक छानबिन गरेको बताइए पनि त्यसको प्रतिवेदन हालसम्म सार्वजनिक गरिएको छैन। न त छानबिनको निष्कर्षबारे आधिकारिक जानकारी नै बाहिर आएको छ। सो विषयमा निरन्तर समाचार प्रकाशन गरेको थियो।

यद्यपि सोही प्रकरणसँग जोडिएका धनुषाका तत्कालीन प्रहरी प्रमुख एसपी रुगम बहादुर कुँवर आफैं सरुवा मागेर नेपाल प्रहरी विशेष सुरक्षा गण, सुर्खेत (बाँके) पुगेका छन्।

डीआईजी थपलियाका घुमुवा सईद्धय जयलाल यादव र गोपाल थापामगर हेडक्वार्टर तानिसकेका छन्। जिल्ला प्रहरी कार्यालय धनुषाको अपराध अनुसन्धान शाखाका इन्चार्ज वरिष्ठ सई सागर राणा पनि प्रधान कार्यालयमा तानिएका थिए।

यता, मधेश प्रदेश प्रहरी कार्यालयले भने सम्बन्धित प्रहरी प्रमुखहरूलाई कार्यसम्पादन र प्रशासनिक विषयमा स्पष्टीकरण सोधिएको तर्क गर्ने गरेको छ। कार्यालयको दाबी छ कि, संगठनभित्रको नियमित अनुगमन तथा मूल्यांकन प्रक्रियाअन्तर्गत आवश्यक स्पष्टीकरण मागिएको हो।

तर, दुई संवेदनशील जिल्लाका प्रहरी प्रमुखले आफैं सरुवा मागेर गएलगत्तै फेरि थप दुई जिल्लाका एसपीलाई एकैपटक स्पष्टीकरण सोधिएको घटनाले मधेश प्रहरीभित्र नेतृत्व र फिल्ड कमाण्डबीचको सम्बन्ध निकै विवादित रहेको विषय सतहमा आएको छ।

बिजुलीको सुरक्षित प्रयोग गरौं।

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं।
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं।
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं।
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं।
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं।
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं।
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

सावधानी अपनाऔं, सुरक्षित रहौं।

कल्याणपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर
मधेश प्रदेश, सिरहा (नेपाल)

सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व-उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं।

लक्ष्मीपुर पतारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लक्ष्मीपुर पतारी
मधेश प्रदेश, सिरहा (नेपाल)

सडक सुरक्षा

रात होस् वा दिन, नियम पालना,
सुरक्षित यात्रा हाम्रो कामना
मादक पदार्थ सेवन गरी गाडी
नकुदाऔं, आफ्नो र अरुको ज्यान
बचाऔं।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम